बैठक नं. १

आज मिति २०७८/०४/०३ गतेका दिन यस मेल्लेख गाउँपालिकाका उपाध्यक्ष श्री धन बहादुर शाही ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपशिल बमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थिति :

| क्र.स. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री धन बहादुर शाही | उपाध्यक्ष | |
| २ | श्री तुले धामी | वडा अध्यक्ष (१) | तु धामी |
| ३ | श्री दान बहादुर बुढा | वडा अध्यक्ष (२) | |
| ४ | श्री केशर बहादुर शाह | वडा अध्यक्ष (३) | |
| ५ | श्री बिर बहादुर साउँद | वडा अध्यक्ष (४) | |
| ६ | श्री रमेश बहादुर खड्का | वडा अध्यक्ष (५ | |
| ७ | श्री नरपति रावल | वडा अध्यक्ष (६) | |
| ८ | श्री नर बहादुर साउँद | वडा अध्यक्ष (७) | |
| ९ | श्री खकिन्द्र बहादुर साउँद | वडा अध्यक्ष (८) | |
| १० | श्री कमलदेवी ताम्राकार | कार्यपालिका सदस्य | |
| ११ | श्री जमुना देवी दमाई | कार्यपालिका सदस्य | जमुना |
| १२ | श्री नरेन्द्र नेपाली | कार्यपालिका सदस्य | |
| १३ | श्री डिला देवी बुढा | कार्यपालिका सदस्य | |
| १४ | श्री कुइचे लुहार | कार्यपालिका सदस्य | कुइचे |
| १५ | श्री हिमसरा खड्का | कार्यपालिका सदस्य | हिमसरा |
| १६ | श्री दिर्घ बहादुर खड्का | सदस्य सचिब | |

Scanned with CamScanner

प्रस्तावहरु :

१). आ.व. २०७७/०७८ को बजेट समिक्षा सम्बन्धमा ।
२). सडक पिचको टेण्डर आव्हान सम्बन्धमा ।
३). सडक मर्मत सम्बन्धमा ।
४). विपद् जोखिम न्यूनिकरण सम्बन्धमा ।
५). विविध सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १:

प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०७७/०७८ को बजेट खर्च सन्तोषजनक रहेको (८३.८७%) तथा आगामी बजेट कार्यान्वयनका लागि निरन्तर कार्ययोजना बनाई अघाडि बढ्ने निर्णय पारित गरियो ।

निर्णय नं. २:

प्रस्ताव नं. २ माथि छलफल गर्दा जिरो प्वाइन्ट-मेल्लेख सडक कालोपत्रे टेण्डरका लागि कार्यालयबाट सम्भव भएसम्म यथाशिघ्र चौडा तथा सम्भव भएमा लिजमा टेण्डर प्रकृया अघाडि बढाई साउन १५ गते भित्र टेण्डर आव्हान गरिसक्ने निर्णय पारित गरियो ।

निर्णय नं. ३:

प्रस्ताव नं. ३ माथि छलफल गर्दा मेल्लेख गा.पा. भित्र यातायात अवरोध कम गर्ने ठाउँहरुमा समेत सडक मर्मत कार्यकर्ता गठन गरी नियमित काम गराउने निर्णय पारित गरियो ।

निर्णय नं. ४:

प्रस्ताव नं. ४ माथि छलफल गर्दा मे.गा.पा. भित्र हुनसक्ने सम्भावित जोखिमका लागि जोखिम न्यूनिकरण गर्न पूर्वतयारीका लागि सचेतना फैलाउने तथा विपद पश्चात राहत तथा उद्धारका लागि आवश्यक व्यवस्थापन गर्ने निर्णय पारित गरियो ।

Scanned with CamScanner